आज मिति २०७८ साल फाल्गुण २५ गते बुधवारका दिन बिर्तामोड नगरपालिकाको ६८ औं बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार न्यौपाने

CamScanner

निर्णय नं.१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ (पहिलो संशोधन) बमोजिम यस बिर्तामोड नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा अनुमोदन गरि यस नगरपालिकाको Website र सूचना पाटी मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं.२. बहुक्षेत्रीय पोषण कार्यक्रम स्रोत सामाग्री २०७८ बमोजिम यस बिर्तामोड नगरपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

निम्न

| | |
|---|---|
| नगर प्रमुख | - अध्यक्ष |
| नगर उप-प्रमुख | - उपाध्यक्ष |
| वडा नं.१ देखी १० सम्मका वडा अध्यक्षज्यूहरु | - सदस्य |
| भागिरथा आचार्य ( महिला सदस्य मध्येबाट ) | - सदस्य |
| निता घतानी (दलित महिला सदस्य मध्येबाट) | - सदस्य |
| संगिता सिवा (सामाजिक विकास समिति) | - सदस्य |
| सवै शाखा प्रमुख | - सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | - सदस्य |
| बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष | - सदस्य |
| विराट सामुदायीक अध्ययन केन्द्रका अध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

निर्णय नं.३. नेपाल विद्युत प्राविधकरण अनारमनी वितरण केन्द्रको च.नं.८९६ मिति २०७८/११/१२ गतेको प्राप्त पत्र अनुसार ताहा प्राविधिकरणवाट स्वीकृतलिई यस नगरपालिका अर्न्तगतका विभिन्न सडकहरुमा उपभोक्ता समूहरुले जडना गरेको सडक वत्तीको विद्युत महशुल भुक्तानि गर्न रु १९,०६,४४९।- बाँकी बक्यौता लेखि आएको हुंदा उक्त सडक वत्ती यस बिर्तामोड नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सडकहरुमा जडना गरिएका वत्तीहरको महशुल भएकाले मिनाहा हुने व्यवस्थाका लागि सम्वन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

CamScanner